नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(कर्मचारी प्रशासन शाखा)

☎ ४२००३१४
४२००२९९
४२००५०५

पत्र संख्या :- ०७४/०७५

च.नं.:- ४३५०

मिति :- २०७४/११/२३

विषय :- विश्व उपभोक्ता अधिकार दिवस मनाउने सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय सवै ।

श्री महानगर कार्यपालिकाको कार्यालय सवै ।

श्री उपमहानगर कार्यपालिकाको कार्यालय सवै ।

श्री नगर कार्यपाल्तिकाको कार्यालय सवै ।

श्री गाउँ कार्यपालिकाको कार्यालय सवै ।

उपरोक्त विषयमा आपूर्ति मन्त्रालयको च.नं.२६४, मिति २०७४/११/१४ को पत्र यसै साथ संलग्न छ सो अनुसार विश्व उपभोक्ता अधिकार दिवस मनाउनु हुन यस मन्त्रालयको मिति २०७४/११/२२ को निर्णयानुसार अनुरोध छ ।

**वोधार्थ :-**

श्री सूचना तथा विधुतीय शासन शाखा :- Web Site मा राखिदिनु हुन ।

..............................

(रविन्द्रजंग थापा)

शाखा अधिकृत

नेपाल सरकार

# आपूर्ति मन्त्रालय

( संस्थान शाखा )

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या : २०७४।७५
चलानी नं.: २६४

सामान्य प्रशासन महाशाखा
दर्ता :- २९६०
मिति :- ११।२२

मितिः २०७४।११।१४

६५९५८
११।२४

**विषयः विश्व उपभोक्ता अधिकार दिवस मनाउने सम्बन्धमा ।**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदबार, काठमाण्डौं ।

उपभोक्ता अधिकार संरक्षण गर्न तथा उपभोक्ताहरूलाई जागरण र सशक्तीकरण गर्न अन्तर्राष्ट्रिय क्षेत्रम सन् १९६० मा स्थापित Consumers International (CI) (जसमा विश्वका १०० भन्दा बढी देशका २०० भन्द बढी संगठनहरू आबद्ध रहेको) ले सन् १९८३ देखि उपभोक्ता अधिकार अभियानको रूपमा प्रत्येक वर्ष March १५ मा विश्व उपभोक्ता अधिकार दिवश (World Consumer Rights Day) मनाउँदै आइरहेको छ । यस वर्ष पनि विश्व उपभोक्ता अधिकार दिवश **"Making Digital Marketplaces Fairer"** नाराका साथ मनाइने कार्यक्रम रहेको छ ।

यसै सन्दर्भमा यस विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा नेपालमा विगत वर्षहरूमा जस्तै यस वर्ष पनि आगामी २०७४ चैत १ गते (तदानुसार २०१८ मार्च १५ तारिख) का दिन देशका सात वटै प्रदेशहरू र सबै स्थानीय तहहरूमा उपभोक्तहरूका अधिकारहरूका विषयमा विभिन्न प्रकारका जागरण एवं सचेतना मूलक कार्यक्रमहरू आयोजना गरी भव्यताकासाथ प्रभावकारी रूपमा **"उपभोक्ता जागरण अभियानमा स्थानीय तहको सक्रियता"** भन्ने नाराका साथ कार्यक्रमहरू आयोजना गर्ने निर्णय भएको छ । यो कार्यक्रम मुलुकका सबै प्रदेश र स्थानीय तहहरूमा उपभोक्ता अधिकारहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न उपयोगी हुने भएकोले स्थानीय तहमा आवश्यक सहयोग एवं समन्वय गर्नका लागि तहाँ मन्त्रालयमा अनुरोध गर्ने भनी निर्णय भएकोले सो बमोजिम उक्त दिन भव्यताकासाथ कार्यक्रम आयोजना गर्न स्थानीय तहहरूलाई आवश्यक सूचना एवं जानकारी प्रेषित गरिदिनुहुनका लागि निर्णयानुसार अनुरोध छ ।

शकुन्तला रा
शाखा अधिकृ

प्रशासन
११/२२

श्रीमान्